# तिला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रारालिही, जुम्ला
☎९७५८९०१२
६ नं. प्रदेश, नेपाल ।


प.स.:२०७४।०७५ (प्रशासन)

मिति : २०७४।१२।०४

च.नं.: ३५६

विषय : सूचना पठाईएको सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सवै ।
श्री विद्यालयहरु सवै ।
तिला गाउँपालिका, जुम्ला ।

उपर्युक्त विषयमा यस तिला गाउँपालिकाको सूचना थान १ यसैसाथ संलग्न राखि पठाईएको छ । सो सम्बन्धमा आवाश्यक कार्य प्रचार प्रसार गरिदिनुहुन र कार्यान्वयन गरि दिन हुन अनुरोध गरिन्छ ।

...........................

[ बिष्णु प्रसाद धिताल ]
कार्यकारी अधिकृत

बिष्णु प्रसाद धिताल
कार्यकारी अधिकृत

तिला गाउँपालिका
रारालिही, जुम्ला
प्रदेश नं. ६ नेपाल

तिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रारालिही, जुम्ला
☎९७५८९०१२
६ नं. प्रदेश, नेपाल ।

प.स.:२०७४।०७५ (प्रशासन) मिति:२०७४।१२।०४

च.नं.:

विषय : सूचना । सूचना । सूचना ।

मिति २०७४ साल चैत्र ८ गते बाट सञ्चालन हुन गईरहेको एस.ई.ई. परिक्षाको मर्म अनुसार व्यवस्थित, मर्यादित तथा शान्तिपुर्ण तरिकाले विद्यार्थिहरुलाई परिक्षा दिलाउने कार्यमा सम्बन्धित सरोकारवाला, विद्यालय व्यवस्थापन समिति , शिक्षक, राजनैतिक दलहरु, जनप्रतिनिधी, अभिभावक तथा विद्यार्थिबाट परिक्षा लाई मर्यादित बनाउने काममा सहयोग पुग्ने अपेक्षा लिईएको छ । परिक्षा व्यवस्थित बनाउन हामी सवैको दायीत्व भएकोले तल उल्लेखित बुँदाहरु पालना गर्न गराउनहुन यो सूचना प्रकाशित गरिएको छ । यदि यो सूचनालाई वेवास्ता गरि परिक्षालाई अमर्यादित बनाउने कार्य भएमा एस.ई.ई. परिक्षा निर्देशिका बमोजिम कार्वाही भइ जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

पालना गर्नुपर्ने सर्तहरु

१. विद्यार्थिहरुले परिक्षासँग सम्बन्धित सामाग्री बाहेक अन्य कुनै किसिमका कागजात तथा सामाग्री लिन नपाईने ।

२. परिक्षा केन्द्र वरीपरी मदिरा तथा अन्य लागु पदार्थ सेवन तथा बिक्री बितरण गर्न नपाईने ।

३. परिक्षा संचालन गर्नका लागि आवाश्यक निरिक्षक वाहेक अन्य शिक्षकहरु परिक्षा केन्द्रमा उपस्थित नहुने ।

४.अभिभावक, वि.व्य.स.लगायत अन्य सर्वसाधारण समेतले परिक्षा केन्द्रको वरीपरी जमघट तथा भिडभाड गर्न नपाईने ।

५. परिक्षा केन्द्र बाहेक अन्य सबै विद्यालयहरुमा नियमित पठनपाठन हुनुपर्ने ।

६. माथी उल्लेखित शर्तहरुलाई अनुगमनको क्रममा उलंघन गरेको पाईएमा एस.ई.ई. परिक्षा तथा नियमानुसार कार्वाही गरिनेछ ।

७. राम्रो परिक्षा संचालन गर्ने केन्द्रलाई प्रोत्साहन गरिनेछ ।

८. परिक्षा संचालन गर्न निरिक्षकहरुका लागि प्रावि.तहमा कार्यरत निजि शिक्षक बाहेक अन्य दरबन्दीमा कार्यरत शिक्षक लाई राख्न व्यवस्था गर्ने ।

९. निरिक्षकमा रहनको लागि दवाव श्रृजना गर्ने प्रबृत्तिलाई निरुत्साहीत गर्ने ।